# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, चैत २९ गते २०५० साल ( संख्या ५१


## भाग ४

### महालेखापरीक्षकको विभागको

### सूचना १

लेखापरीक्षण सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी श्री दिलबहादुर वासुकलाको सेवा अवधि महालेखापरीक्षकको विभागका कर्मचारी-हरूसम्बन्धी नियमावली, २०५० को नियम ६२ को उपनियम (१) अनुसार मिति २०५०।११।२८ मा ३० वर्ष पूरा भएकोले सोही नियमावलीको नियम ६२ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी महालेखापरीक्षकले निजको सेवा अवधि २०५०।११।२९ देखि २०५२।११।२८ सम्म थप गरेको छ ।

### सूचना २

लेखापरीक्षण सेवाका राजपत्रांकित प्रथम श्रेणीका नायब महालेखापरीक्षक श्री नगेन्द्रबहादुर राजवंशको सेवा अवधि महालेखापरीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ६२ को उपनियम (१) अनुसार मिति २०५०।१२।५ मा ३० वर्ष पूरा भएकोले सोही नियमावलीको नियम ६२ को उपनियम (२)ले दिएको अधिकार प्रयोग गरी महालेखापरीक्षकले निजको सेवा अवधि २०५०।१२।६ देखि २०५१।१२।१६ सम्म थप गरेको छ ।

आज्ञाले,

५१५

यादवरन्जन बराल

उपमहालेखापरीक्षक


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।